# गौमुखी गाउँपालिका अध्यक्ष श्री बिष्णु कुमार गिरी ज्युले गाउँसभाको बाह्रौं अधिवेशन समक्ष प्रस्तुत गर्नु भएको

## आर्थिक बर्ष २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम

२०७९ आषाढ १० गते

लिवासे, प्युठान

**गाउँसभाका सदस्यहरु ज्यू,**

**अन्य दर्शक दिर्घामा रहनुभएका विशिष्ट व्यक्तिहरु,**

- यस गरिमामय सभासमक्ष यस गाउँपालिकाको आ.व. २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दा विगतको वर्षमा कोरोनाको विश्वव्यापी महामारीले गर्दा समुदायले बेहोर्नु परेको असहज परिस्थितिमा सामाजिक, आर्थिक तथा जीवन रक्षाको समस्याले पारेको प्रभावको अनुभव गर्दा गम्भिर भएको छु। साथै विभिन्न कालखण्डमा ज्यान गुमाएकाहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै परिवारजन प्रति गहिरो समवेदना प्रकट गर्दछु ।
- म संघीय लोकतान्त्रिक गणतन्त्रसम्मको राजनैतिक आन्दोलनमा राष्ट्र र जनताको हितको लागि आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति उच्च सम्मानको साथ भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाइते योद्धाहरु र वेपत्ता नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दछु।
- नेपालको संविधानले तीन तहको सरकारको प्रबन्ध गरेअनुरुप संवैधानिक अधिकार र कर्तव्यको पालना गर्ने र गराउने कुरामा यस गाउँपालिकाको सरकार सजग छ। स्थानीय सरकार लोकतन्त्रका आधारभूत मुल्यमान्यता, बहुलबादी खुला समाज, मानव अधिकार, स्वतन्त्र न्यायपालिका, प्रेस स्वतन्त्रता र विधिको शासन प्रति पूर्ण प्रतिवद्ध छ। लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिको रुपमा स्थापित गर्ने कुरामा स्थानीय सरकार हरपल प्रयत्नशील छ।
- गौमुखी गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक विविधतालाई आत्मसात गर्दै स्थानीय सरकार सन्तुलित र समन्यायीक विकासको बाटोमा अघि बढ्न दृढ छ।
- गाउँपालिकाको समृद्धि भन्नुनै राष्ट्र तथा समाजको समृद्धि हो भन्ने मान्यताका आधारमा स्थानीय सरकार सुशासन, विकास र समृद्धिको बाटोमा अघि बढीरहेको छ। मालिक होइनौं, सेवक हौं भन्ने मान्यतामा आधारित जनउत्तरदायी सरकार, भ्रष्ट्रचारमुक्त शासन पद्धति, पारदर्शी, मेहनती र सहयोगी प्रशासन यन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई गौमुखी गाउँपालिकाले आफ्नो मार्गदर्शनको रुपमा ग्रहण गरेको छ।

**सभाका सदस्यहरु ज्यू**

**अन्य सबै महानुभावहरु,**

- अब म आर्थिक बर्ष २०७८/७९ मा अघि बढाइएका निति तथा कार्यक्रमको समिक्षा संक्षेपमा चर्चा गर्दछु।
- हाम्रो गाउँपालिकाको खरको छाना मुक्त अभियान अन्तर्गत चालु आवसम्म १५९५ घरपरिवारले आफ्नो घरको छाना जस्तापाताले छाइसकेका छन्। यस कार्यक्रमले गरिब जनताको आवासमा सुधार भई गुणस्तरीय जीवनयापनमा सहयोग पुगेको छ । साथै आगामि वर्ष गाउँपालिकालाई **खरको छानामुक्त गाउँपालिका** घोषणा गरिने कुरा यहाँहरुलाई निवेदन गर्न चाहान्छु ।
- पालिकाका सबै ७ वडामा वडा भवन निर्माण कार्य सम्पन्न, थप सुधार तथा व्यवस्थापनको काम गरिएको छ। वडामा सेवा प्रवाह आफ्नै भवनबाट प्रवाह गरिएको छ।
- शिक्षातर्फमा गाउँ शिक्षा ऐन र नियमावली तयार गरि सोहिको कार्यान्वयन अनुरुप विद्यालय विकास प्रस्तावको आधारमा प्रधानाध्यापक र सहायक प्रधानाध्यापक व्यवस्थापन गरिएको छ।
- प्रावि तहको स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयनमा ल्याइएको छ।
- विद्यालयको भौतिक पुर्वाधारतर्फ रातामाटा प्रावि, गौमुखी प्रावि, दिपेन्द्र प्रावि, देउराली सुन्दर प्रावि, जनकल्याण प्रावि, जनज्योती आवि, जनजीवन आवि, भानु प्रावि, गौमुखी उमावि, भृकुटी मावि, नेरा आवि,

लोकतान्त्रिक प्राविमा गरी ११ वटा विद्यालयका भवन निर्माणको लागि १ करोड ६३ लाख बजेटमा खर्च भइ निर्माण कार्य सम्पन्न गरिएको छ।

- महेन्द्र आवि, खरा मावि, जनजीवन आवि, अमृत जीवन माविमा शौचालय निर्माण सम्पन्न गरिएको छ। यसमा २८ लाख खर्च गरिएको छ।
- चालु आर्थिक बर्षमा ८ ठुला मोटरबाटोको नयाँ ट्र्याक खोल्ने तथा स्तरोन्नतीको कार्य सम्पन्न गरिएको छ।
- अर्खा भिमगिठे जोड्ने मोटरबाटो, गौमुखी बाइसमुल झाक्रिढुङ्गा मोटरबाटो, ढ्वाटा देखी आलुगोदाम गुल्मी जोड्ने मोटरबाटो, रुतिबाङ्ग हिले झाक्रिढुङ्गा मोटरबाटो तथा ल्वाटाधारादेखी देउराली गुल्मी जोड्ने मोटरबाटो रहेका छन् नयाँ तथा मर्मत गरी कुल ४९ वटा बाटो मर्मत तथा नयाँ ट्र्याक निर्माणको कार्य सम्पन्न गरिएको छ।
- खानेपानी तथा सरसफाइ तर्फ अर्खा १ र २ मा पुजा लिवासे लुकुरबन खानेपानी तथा सरसफाइ योजना र पाँग्राघाट खानेपानी तथा सरसफाइ योजना, रजवारामा देउराली खानेपानी योजना निर्माण कार्य सम्पन्न गरिएको छ।
- सवै वडाहरुमा साना ठुला गरि कुल २५ वटा योजना सम्पन्न गरिएको छ। यसमा कुल १ करोड ९० लाख खर्च भएको छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगारहरुको तथ्याङ्क संकलन गर्ने र १२८९ जनाको अनलाइन प्रविष्टी गर्ने काम सम्पन्न भएको छ।सवै वडामा कुल ४२ वटा योजना संचालन गरिएको छ।
- यस कार्यक्रमबाट २९१ जनालाइ १०० दिनको रोजगार सृजना गरिएको छ।यसमा १ करोड ६८ लाख रकम खर्च भएको छ।
- गाउँपालिकाको पशु सेवा क्षेत्र अन्तर्गत ७ वटै वडामा २० जना कृषकलाई भकारो सुधारमा सहयोग गरीएको छ। डाले तथा भुँइ घाँस नर्सरी स्थापनाबाट ७ जना कृषक लाभान्वित भएका छन ।
- परजिवि नियन्त्रण कार्यक्रम अन्तर्गत ७ वटै वडामा २५ जनाका दरले समुह गठन गरि परिचालन तथा व्यवस्थापन गरिएको छ।
- अर्खा, पुजा, खुङ्ग र लिवाङ्गमा गरि १८०० कृषकलाई पशु औषधी वितरण गरिएको छ। कृषकसँग प्राविधिक कार्यक्रम मार्फत वडास्तरमा कृषक अभिमुखीकरण तथा पशु औषधी वितरण सवै वडामा संचालन गरिएको छ।
- ७ वटै वडामा पशु स्वास्थ्य शिविर संचालन गरिएको छ । यसबाट १०५० कृषक लाभान्वित भएका छन्।
- गाउँपालिकाको कृषी कार्यक्रम अन्तर्गत ७ वटा वडामा कृषी स्वरोजगार वृद्धि गर्नको लागि १७ वटा व्यवसायिक फर्महरु छनोट गरी कार्यक्रम संचालन तथा व्यवस्थापन गरिएको छ।
- १०० जना कृषकलाई प्लाष्टिक टनेल, २४ जना कृषकलाइ स्प्रे टयाङ्की, १५० जना कृषकलाई अदुवा वेसारको बिउ वितरण गरिएको छ।
- मागमा आधारित यूवा स्वरोजगार कार्यक्रमबाट ३० वटा कृषी फर्मलाइ अनुदान वितरण गरिएको छ।विभिन्न चरणमा ८४० कृषकहरुलाइ कृषी तथा पशुपक्षी सेवा सम्वन्धी परामर्श प्रदान गरिएको छ।
- हरित कृषी कार्यक्रम अन्तर्गत ३५० कृषकलाइ बिउ वितरण गरिएको छ। आलुको विउ वितरण कार्यक्रमबाट २०० जना कृषक लाभान्वित भएका छन्।
- मौसमी बेमौसमी तरकारीको बिउ ३५० कृषकहरुलाई वितरण गरिएको छ।

- स्मार्ट कृषी कार्यक्रम रजवारामा संचालन गरिएको छ।
- गाउँपालिकाभर चालु आवमा कुल २१६६ व्यक्तिगत घटना दर्ता भएका छन। सामाजिक सुरक्षा भत्ताको लागि नयाँ थपिएका कुल ४०८ जना र लगत कट्टा गरिएका २४६ जना रहेका छन। कुल सामाजिक सुरक्षा भत्ता पाउने ३०८० जना रहेका छन।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनका महिला समुहका २१० जना महिलाहरुलाइ सरसफाइ सामग्री तथा तरकारी खेतिको विउ वितरण गरिएको छ।
- यसै कार्यक्रम अन्तर्गत ढाडखानी सामुदायिक स्वास्थ्य केन्द्रमा शौचालय निर्माण तथा दिदि वहिनि महिला सहकारी संस्थालाइ आयआर्जनको लागि ६ लाख २५ हजार अनुदान प्रदान गरिएको छ।
- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत ८७ जनालाइ उद्यमशिलता विकास तालिम, ९४ जना उद्यमीलाइ प्राविधिक सिप विकास तालिम संचालन गरिएको छ।
- प्रविधि तथा मेशिन औजार हस्तान्तरण अन्तर्गत १७ वटा सिलाइ मेशिन, १४ वटा बुटिक मेशिन, ढाका मेशिन २ वटा र तरकारी खेतिको लागि ८ वटा टनेल वितरण गरिएको छ।
- गाउँपालिकाको न्यायीक समिति तथा मेलमिलापकर्तालाइ मेलमिलाप सम्बन्धी पुनर्ताजगी तालिम र मुलकी देवानी संहिता अनुशिक्षण तालिम सम्पन्न गरिएको छ।
- न्यायिक समितिमार्फत १५ वटा विवाद निरुपण भएको छ। वडाहरुमा जम्मा १५० वटा विवाद मेलमिलापकर्ता मार्फत निरुपण गरिएको छ।
- आधारभुत स्वास्थ्य सेवा केन्द्र अर्खाको भवन निर्माण तथा कार्यालय स्थापना गरी स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गरिएको छ।
- पुजा स्वास्थ्य चौकिमा निरन्तर चिकित्सकिय सेवा प्रदान गर्ने कार्यको निरन्तरता दिनको लागी एमविविएस चिकित्सकलाइ व्यवस्थापन गरिएको छ।
- गौमुखी गाउँपालिकाका ९० प्रतिशत लक्षित जनसंख्यालाइ कोभिड खोप लगाइएको छ।
- जेष्ठ नागरिकहरुको निःशुल्क आखा जाँच स्क्रिनिङ तथा शैल्यक्रिया गरिएको छ। यसबाट ७३ जना जेष्ठ नागरिक लाभान्वित भएका छन्।
- गाउँपालिकास्तरिय अस्पत्ताल निर्माणको सम्झौता गरि कार्य अगाडी बढाइएको छ।

**गाउँसभाका सदस्यहरु,**
**सबै महानुभावहरु,**

- अव म आर्थिक बर्ष २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु।
- आवश्यकता, लागत, समय, अपेक्षित प्रतिफल तथा प्रभावको आधारमा आयोजना तथा कार्यक्रमको बर्गीकरण तथा प्राथमिकरण गरी सन्तुलित रुपमा स्रोतको परिचालन गरिने छ।
- आयोजना र कार्यक्रमको संख्याभन्दा गुणात्मक पक्षमा जोड दिइनेछ।
- कार्यक्रम तथा योजनाहरु रोजगार वृद्धि गर्ने खालका छनौट गरिनेछ। आन्तरिक उत्पादनलाइ वृद्धी गरि आत्मनिर्भर तर्फ उन्मुखको लागी कृषी तथा पशु पालन क्षेत्रमा थप जोड दिइने छ।
- **कृषी तथा पशु सेवा क्षेत्रको प्रवर्द्धन तथा प्रोत्साहनको लागि कृषकहरुबाट उत्पादन भएको उत्पादनहरु गाउँपालिकाले खरिद गरिने छ ।**
- **कृषी उपजको सहजताको लागि कृषी एम्बुलेन्स संचालन गरिनेछ ।**

- गाउँपालिकाको आन्तरिक स्रोत वृद्धिको लागी योजनाबद्ध प्रयास गरिनेछ। आन्तरिक आम्दानीको लेखांकन पद्धतिलाई अनलाइन बनाइनेछ।
- पालिकाभित्र संचालित जुनसुकै प्रकारको व्यवसायलाई गाउँपालिकाको कार्यालयमा दर्ता तथा नविकरणलाई अनिवार्य बनाइनेछ।
- कृषिमा यान्त्रिकरणको लागी कृषि उपकरण खरिद गर्न विशेष अनुदान उपलब्ध गराइनेछ।
- कृषिको आधुनिकरण, व्यवसायीकरण र बजारिकरण गरी कृषिजन्य उद्योगमार्फत विकासको आधार तयार गरिनेछ।
- पालिकामा कृषक समूह गठन र सहकारीको प्रवर्द्धन गर्न प्रोत्साहन गरिनेछ।
- संभावनाको आधारमा कृषी उपजहरु भण्डारणका लागी प्रदेश/संघ सरकारका निकायहरुको समन्वयमा कोल्ड रुम र कोल्ड स्टोर निर्माण तथा संचालनमा जोड दिइनेछ।
- गाउँमा नै केहि गर्ने अवसरको सृजनाको लागि कृषी क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिका कार्यक्रमहरु अघि बढाइने छ।
- बजेटमा मितव्ययीता अपनाइ आवश्यक योजना तथा कार्यक्रममा बजेट बिनियोजन गरिनेछ। कृषी प्राविधिक सेवा तथा उत्पादन सामग्रीहरुको उपलब्धतामा जोड दिइनेछ।
- उत्पादनको आधारमा किसानहरुलाइ प्रोत्साहन सहयोग गर्ने प्रक्रियालाई अगाडी बढाइने छ।
- बस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न बालीहरुको बीउ प्रतिस्थापन तथा पशु नश्ल सुधारका कार्यक्रमहरु संचालन गरिनेछ।
- **कृषी तथा पशुजन्य बस्तु तथा उत्पादनको बजारिकरण तथा व्यवसायिकरणमा जोड दिइनेछ।**
- कृषी र पशुपालन क्षेत्रमा विपदबाट हुनसक्ने क्षतिको न्यूनिकरण, उद्धार तथा राहतका कार्यक्रम संचालन गरिनेछ।
- अर्गानिक खेतीमा जोड दिई अर्गानिक भान्सालाइ प्रोत्साहन गरिनेछ। बाली र पशु बिमा गर्न कृषकहरुलाइ थप प्रोत्साहन गरिनेछ।
- स्थानिय उत्पादकको विक्रि वितरणमा सहजता तथा प्रचार प्रसारको लागि स्थानिय स्तरमा **हाटबजार संचालनको** प्रक्रिया अगाडी बढाइनेछ।
- गाउँपालिका भित्रका ऐतिहासिक, धार्मिक, पुरातात्विक एवम् पर्यटकीय स्थलहरुको पहिचान गरिनेछ।
- गौमुखीलाई प्रदेश सरकारबाट पर्यटकीय क्षेत्र घोषणा गराउन विशेष पहल गरिनेछ । पर्यटकीय पुर्वाधारहरुको विकास तथा व्यवस्थापनमा जोड दिइने छ।
- गौमुखी क्षेत्रमा पर्यटकहरुको आकर्षणको लागि पर्यटकहरुलाई स्थानिय उपहार प्रदान गर्ने अभियान थालनि गरिने छ।
- बन व्यवस्थापनका उपायहरु अवलम्वन गरिने साथै संरक्षित क्षेत्रको घोषणा गर्न पहल गरिनेछ।
- अतिक्रमित बन क्षेत्र फिर्ता, डढेलो नियन्त्रण र चोरी निकासी नियन्त्रणको लागी समुदायसँग सहकार्य गरिनेछ। बनक्षेत्रबाट उठ्ने राजस्वमा सामुदायिक बन उपभोक्ता समूहसँग सहकार्य गरिनेछ।
- जडीबुटी तथा सुगन्धित वनस्पतिको संरक्षण, अनुसन्धान तथा समुचित उपयोगलाई प्रोत्साहान गरिनेछ। भू संरक्षण गर्न खाली जग्गाहरुमा वृक्षारोपण गरिनेछ। बनसँग सम्वन्धित संघसंस्थाहरुको निगरानी बढाइनेछ।
- कृषी, बन तथा जरिबुटीमा आधारित उद्योगहरुको विकासका लागि आवश्यक सहयोग गरिनेछ। आन्तरिक उत्पादनलाइ प्रोत्साहन गर्न मेला प्रर्दशनीमा उत्पादनको बजारिकरणमा जोड दिइनेछ।

- घरेलु उद्यम संञ्चालन र सञ्चालित उद्यमहरुलाइ प्रोत्साहन गरिनेछ।
- प्लाष्टिकजन्य पदार्थको उपयोगलाई निरुत्साहित गरिनेछ। दिगो विकासको मान्यता अनुरुप गाउँपालिकाबाट संचालन हुने विकास योजनालाई वातावरणमैत्री बनाइनेछ।
- यातायातको विकासले गर्दा बस्तीबाट विद्यालयसम्मको दुरी छोटो भएको सन्दर्भमा विद्यालयहरु मर्जको नीति अबलम्बन गरिनेछ।
- गौमुखी माध्यमिक विद्यालय, ठूलाबेसीलाई नमूना विद्यालय बनाइनेछ।आवश्यक भौतिक पुर्वाधार, शैक्षिक सामाग्री, तालिम , विद्यालयको संस्थागत क्षमता अभिवृद्धि, जनशक्ति व्यवस्थापन र अनुशासित शैक्षिक वातावरण निर्माणको लागी विद्यालयसँग सहकार्य गरिनेछ।
- पालिकाका विद्यालयलाइ विभिन्न प्राविधिक शिक्षाको लागि प्रदेश/संघिय सरकारमा पहल गरिनेछ।
- गाउँपालिकाभित्र क्याम्पस स्थापना गर्न पहल गरिने छ। गाउँपालिकामा रहेका माध्यमिक विद्यालयहरुलाई स्तरवृद्धि गर्ने तर्फ ध्यान दिइनेछ।
- पालिका भित्र सक्रिय सबै राजनैतिक दल, संघ संस्था, अभिभावक, सम्पुर्ण सरोकारवाला तथा बुद्धिजिविहरुको भेला बोलाई कुनै पनि बहानामा विद्यालयलाई बन्द नगराउने प्रतिबद्धता गराउन पहल गरिनेछ।
- आर्थिक अभावकै कारण कुनै पनि बालबालिका माध्यमिक तहसम्मको शिक्षाबाट बञ्चित हुने अवस्थालाई पुर्णत निर्मुल पारिनेछ।
- आर्थिक रुपले विपन्न, पिछडिएको जातजाती र समुदायका बालबालिकाहरुलाई विद्यालयसम्म ल्याउन र टिकाउनको लागी छात्रवृत्ति प्रदान गरिनेछ।
- सामुदायीक विद्यालयबाट प्रदान हुने शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकलाई विद्यालय सुधारको कार्ययोजना बनाउन लगाई कार्यसम्पादन सम्झौता गरिनेछ।
- विद्यालयको व्यवस्थापकीय तथा प्रशासनिक सुधारको आवश्यक कार्य गरिनेछ।
- विद्यालयमा कार्यरत शिक्षकहरुको नियमित हाजिरी र उपस्थिति, अनुशासन, काम प्रतिको लगाव तथा इमानदारिता र शिक्षाको गुणस्तर अभिवृद्धि गर्न गरेको प्रयत्नको निरन्तर अनुगमन तथा मुल्याङ्कन गरि दण्ड र पुरस्कारको नीति अबलम्बन गरिनेछ।
- गाउँपालिका अनुदान, बालविकास, विद्यालय कर्मचारी तथा सहयोगीहरुलाई प्रोत्साहन गर्ने निति अवलम्वन गरिने छ।
- शिक्षकहरुको शिक्षण क्षमता अभिवृद्धि गर्न बिषयगत तथा विभिन्न तालिम संचालन गरिनेछ।
- **अधुरा रहेका शैक्षिक पुर्वाधारका योजना लगाएत अन्य योजनाहरु सम्पन्न गरिने छ।**
- माध्यमिक विद्यालयहरुमा बर्षै भरि सेनेटरी प्याड उपलब्ध हुने व्यवस्था मिलाइनेछ। विद्यालयमा शुक्रबार अतिरिक्त क्रियाकलाप संचालनलाई अनिवार्य गरिनेछ।
- गाउँपालिकास्तरमा उत्कृष्ट, जेहेन्दार, अति विपन्न विद्यार्थीहरुलाई **इन्जिनियर, एमविविएस डाक्टर र स्टाफ नर्स पढ्नको लागि लाग्ने खर्चको ५० प्रतिशत** रकम गाउँपालिकाले लगानि गर्ने निति अवलम्वन गरिने छ। अध्ययनपश्चात केही वर्ष गाउँपालिकामा सेवा गर्न अनिवार्यता गरिनेछ।
- गाउँपालिकास्तरमा भएको शैक्षिक गतिविधिहरुको आधारमा उत्कृष्ट शिक्षक तथा विद्यार्थीहरुलाई पुरस्कृत गरिने छ।
- गाउँपालिकास्तरमा एउटा **नमुना पुस्तकालय संचालनको** प्रक्रिया अगाडी बढाइने छ।
- गाउँपालिका स्तरीय खेलकुद पूर्वाधारको विकास गर्दै सबै वडाहरूमा खेल मैदानको स्थापना गरिने छ ।

- भलिबल खेलको माध्यमबाट गाउँपालिकालाई राष्ट्रिय स्तरमा चिनाउन यसको प्रवर्द्धन तथा गाउँपालिकास्तरिय प्रतियोगिताहरु संचालन गरी खेलाडीहरु उत्पादन गर्न प्रोत्साहन गरिनेछ।
- भलिबल तथा अन्य खेलमैदान निर्माण, खेल सामाग्री व्यवस्थापन, खेलाडीलाई प्रोत्साहान, वडा स्तरिय नियमित प्रतियोगिता संचालन लगायतका खेलकुद कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिकामा रहेको स्वास्थ्य संस्थाहरु, गाउँघर क्लिनिक, खोप क्लिनिक, महिला स्वास्थ्य स्वयं सेविका, स्वास्थ्य आमा समुह सवैको उचित परिचालन एवम् क्षमता विकास र सुधार गर्दै गुणस्तरिय स्वास्थ्य सेवा प्रत्याभुत गराइ विषयगत कार्यक्रम एवं संघ संस्थाहरुको उचित तादम्यता कायम राख्दै सहकार्य एवम् समन्वयमा वृद्धि गर्दै लगिने छ ।
- गाउँपालिकास्तरिय १५ शैयाको अस्पत्ताल निर्माणको प्रकृया अगाडी बढाइने छ ।
- **अति विपन्न परिवारलाइ निशुल्क स्वास्थ्य विमा कार्यक्रम संचालन गरिने छ ।**
- वाल स्वास्थ्य तथा मातृ शिसु स्वास्थ्य सेवाको निरन्तरता गरी पुर्ण गर्भ जाँच तथा पुर्ण संस्थागत सुत्केरी अभियानमा तथा उत्तर प्रसुति सेवालाई विषेश जोड गरी पुर्ण संस्थागत सुत्केरी वडा तथा पालिका घोषणा गर्दै लगिने छ।
- संस्थागत सुत्केरी प्रोत्साहन तथा मातृ शिशु स्वास्थ्य सुधारको लागि **सुत्केरीसँग पौष्टिक आहार प्याकेज कार्यक्रम** संचालन गरिने छ।
- गाउँपालिकास्तरमा रहेको चिकित्सकिय सेवालाई निरन्तरता दिइने छ। साथै **डाक्टर एक हप्ता एक वडामा** कार्यक्रम संचालन गरी वडामा चिकित्सकिय सेवाको पहुँचमा पुर्याइने छ।
- आधारभुत स्वास्थ्य शेवा केन्द्र र आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाइहरुमा सुरक्षित प्रसुति सेवा विस्तार गरिदै लगिने छ ।
- २४ घण्टा प्रसुति सेवा तथा अति आवश्यक स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक कदम चालिने छ।
- सेवा केन्द एवम् इकाइहरुको आवश्यकता अनुसार भौतिक संरचना निर्माण तथा सेवा विस्तार गरिनेछ।
- आयूर्वेद स्वास्थ्य सेवा कार्यक्रम संचालन गरिनेछ ।आयूर्वेद स्वास्थ्य आरोग्य केन्द्र मार्फत नियमित रुपमा वडाहरुमा आयूर्वेद शिविर तथा विभिन्न कार्यक्रमहरु संचालन गरिने छ।
- विद्यालयभित्र बाहिर रहेका किशोर किशोरीहरु तथा प्रजनन् उमेर समुहका महिलाहरुको यौन तथा प्रजनन् सुधारका लागी प्राथामिकताका साथ विभिन्न स्वास्थ्य सचेतिकरण कार्यक्रम सन्चालन गरिने छ ।
- समाजमा आर्थिक, सामाजिक, व्यक्तिगत रुपमा देखिएका समस्याका कारण उत्पन्न तनाव तथा डिप्रेशनलाइ न्यूनिकरण गरि सहज जीवनयापनको लागि मनोसामाजिक मनोविमर्श सेवा संचालन गरिनेछ ।
- **मुल देखी मुखसम्म** स्वच्छ तथा सुरक्षित पिउने पानीको उपलब्धतामा विषेश जोड गरिनेछ ।पुर्ण सरसफाई तथा आनिवानी परिवर्तनको लागि सचेतिकरण कार्यक्रमहरु संचालन गरिने छ।
- खानेपानीको मुल तथा कुवाहरु संरक्षणको लागि पानि सुरक्षा योजना कार्यक्रमहरु संचालन गरिने छ।
- गाउँपालिकालाई बालमैत्री, अपाङ्गमैत्री, बालश्रममुक्त, बालविवाहमुक्त, छुवाछुतमुक्त, पुर्ण साक्षर, पुर्ण सरसफाइयुक्त, घरेलुहिंसामुक्त पालिका घोषणा गर्ने कार्यक्रमहरु संचालन गरिनेछ।
- गाउँपालिका स्तरीय, वडा स्तरीय र समुदाय तथा बस्ती स्तरमा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।मदिरा नियन्त्रण सम्बन्धी कार्यविधिको कडाईका साथ कार्यान्वयन गरिनेछ।
- महिला, अपाङ्ग, दलित, जनजाती, जेष्ठ नागरिक र आर्थिक तथा सामाजिक रुपले पिछडिएका वर्ग समुदायको जीवनयापनमा सुधार ल्याउन सशक्तिकरण, सीप विकास, आयआर्जन तथा रोजगारमूलक कार्यक्रम संचालन गरिनेछ।

- आरन, सिलाई कटाई, डोको नाम्लो बुन्ने, वासका सामान, गुन्दी चकटी, कुटानी पिसानी गर्ने मिल जस्ता गाउँघरमा अत्याआवश्यक परम्परागत पेशालाई आधुनिकरण, व्यवसायीकरण गरी सम्मानजनक पेशा बनाउन प्रोत्साहान गरिनेछ।
- पालिकामा नयाँ उद्यमी सृजना तथा उद्यमीलाई स्तरोन्नतीको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- **गाउँपालिकाको आवधिक योजना, सडक गुरुयोजनाले** तय गरेका निति तथा कार्यक्रमको आधारमा यातायातको सुविधासँगै कृषी, पर्यटन प्रवर्द्धन तथा आन्तरिक आयमा टेवा पुर्याउने खालका सडकको दिगो व्यवस्थापनमा जोड दिइनेछ।
- साविकका सडकहरुको वर्गिकरण गरि मर्मत संहार, स्तरोन्नती, पुर्ननिर्माणको काम संचालन लिइनेछ।
- गाउँपालिकामा रहेका पुराना बाटोहरुको मर्मत संहार गर्न पालिकाले आफ्नै मेशिनको व्यवस्था गर्नेछ।
- विकट बस्तीका समुदाय लाभान्वित हुने गरि झोलङ्गे पुलहरुको लगत संकलन गरि प्राविधिक संभाव्यता र प्राथमिकताको आधारमा मुख्य बाटोहरुमा पुल निर्माण तथा मर्मत संहार गर्ने निति लिइनेछ।
- दिगो विकास लक्ष्य अन्तर्गत **एक घर एक धारा** को नितिलाइ अवलम्वन गर्दै वडाहरुमा खानेपानीका योजना संचालन गरिने छ।
- पूर्ण सरसफाइ अभियान संचालन गरि गाउँपालिकालाइ पूर्ण सरसफाइ गाउँपालिका घोषणा गर्ने तर्फ अग्रसर गराइनेछ।
- गाउँपालिकाले तीन बर्षभित्र सबै जनतालाई आधारभूत खानेपानी र विद्युत सेवा पुर्याउने लक्ष्य लिएको छ।
- गाउँपालिकाभित्रका यातायात व्यवसायीसँग अन्तरक्रिया कार्यक्रम गरी सार्वजनिक भाडा दर कायम गरिनेछ। यातायात व्यवसायीले अपाङ्ग, जेष्ठ नागरिक, विद्यार्थी, महिलालाई कानूनबमोजिम उपलब्ध गराउनुपर्ने छुट तथा सुविधाका सम्बन्धमा सरोकारवालाहरु बीच अन्तरक्रिया कार्यक्रम गरी छुट तथा सुविधा उपलब्ध गराउन यातायात व्यवसायीलाई सार्वजनिक प्रतिबद्धता गराइनेछ।
- दिगो विकासको अवधारणाअनुसार सडक सञ्जाल विस्तार गर्न गाउँपालिकाको केन्द्रबाट सबै वडासम्मका सडकहरूको स्तर उन्नति गरिने छ ।
- गाउँपालिकाभित्र पर्ने मुल सडक, मुल सडकबाट वडा कार्यालय, एउटा वडाबाट अर्को वडा, मुल सडकबाट मुख्य बस्ती तथा मुख्य बस्तीबाट सहायक बस्ती जोड्ने बाटो नजिक भवन संरचना निर्माण गर्दा सडकको बीच भागबाट छोड्नुपर्ने जग्गाको मापदण्ड तोकिनेछ।
- सडकलाई असर पर्ने गरी सडकछेउ रहेका ढुङ्गा तथा अन्य सामग्रीहरु निकाल्न प्रतिबन्द लगाइने छ।
- सडक तथा भौतिक निर्माणका कामहरुमा आवश्यकताको आधारमा **श्रममुलक प्रविधिको प्रयोग** गरी गाउँमा रोजगारी उपलव्ध गराउने निति अवलम्वन गरिने छ।
- विपद् व्यवस्थापनलाई प्राथमिकता दिनुको साथै चटयाङ्ग प्रतिरोधी अभियान संचालन गरिनेछ।
- प्रत्येक वडामा कम्तीमा ३० जनाको विपद् प्रतिकार्य टोली गठन गरी तालिम दिइनेछ।
- **दिगो विकासको अवधारणा** अनुरुप वातावरण संरक्षण सम्वन्धी कार्यक्रम संचालन गरिने छ। गाउँपालिकास्तरमा रहेका खालि वन तथा चरनहरुमा वृक्षारोपन गर्ने अभियान संचालन गरिने छ।
- खालि रहेका निजि जग्गाहरु तथा चरिचरनहरुमा वृक्षारोपन गर्नुपर्ने कुरा जोड दिइने छ।
- गाउँपालिकाबाट निर्माण गरिने सबै भवन संरचनालाई अपाङ्गमैत्री बनाइनेछ। स्थानीय निर्माण सामाग्री प्रयोग गरी स्थानीय मौलिक कला, परम्परा र संस्कृति झल्काउने घरलाई प्रोत्साहित गरिनेछ।
- पालिका अन्तर्गत रहेका सरकारी भवन संरचनाको मर्मत सम्भार र सुधारलाई निरन्तरता दिइनेछ।

- गाउँपालिकाको सिँचाई गुरुयोजना तयार गरी सिँचाई प्रर्वद्धन गरिनेछ। पुराना सिँचाई संरचनाको नियमित मर्मत सम्भार, दिगो व्यवस्थापन तथा उपयोग गरिनेछ। पानीको मुल, पूराना पोखरी र तालको संरक्षण गरिनेछ।
- जोखिमयुक्त बस्तीहरुको सुरक्षा र झिमरुक नदी नियन्त्रणका लागि आवश्यक कार्य गरिने छ ।
- एक गाउँ एक पोखरी निर्माण कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिकामा नदी नियन्त्रण तथा व्यवस्थापनको लागि योजनाबद्ध गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ।
- गाउँपालिकाभित्रको अर्थतन्त्र, जनसंख्या, जग्गा जमिन तथा सम्पत्ति, लक्षित वर्ग जाती तथा समुदाय, प्राकृतिक स्रोत साधन लगायतको तथ्यांक संकलन तथा प्रशोधन गरी उपयोग गरिनेछ। तथ्थाङ्क संकलन र प्रशोधनमा सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ।
- विभिन्न जातजातिहरुको परम्परागत संस्कृति, पहिरन, लोपोन्मुख भाषा संरक्षण र पोशाकको संरक्षण गर्दै सफा पहिरन, हाम्रो पहिचान कार्यक्रम संचालन गरिनेछ।
- आन्तरिक पर्यटन प्रबर्धनका लागि आन्तरिक उत्पादकको खपत तथा होम स्टेको व्यवस्था गर्न प्रोत्साहन गरिनेछ।
- **गौमुखी तथा झाक्रिढुङ्गाको विकासका लागि विकास समिति गठन** गरि क्षेत्रगत पर्यटकीय विकासको लागि पहल गरिने छ।
- गौमुखी क्षेत्रका गौमुखी, झाँक्रीढुगा, बाइसमूल झरना, रानीताल, नाङ्गीलेक, पुजा तामाखानी, लिवाङ देवी मन्दिर, दहवासे, कैलाश दह, नारीकोट देउराली र खुङ गुफालाई पर्यटकीय क्षेत्रको रूपमा विकास गरी गौमुखी रिङरोडको अवधारणाअनुसार सडक सञ्जालमा जोडिने छ ।
- युवापुस्ताहरुलाई गाउँमै रोजगारको अवसर प्रदान गर्न हरेक योजनालाई रोजगारसँग जोडिने छ । साथै स्थानीय युवालाई स्वरोजगार बनाउन सीपमुलक तालिमको व्यवस्था गरिनेछ । एक घर एक सिपयुक्त जनशक्तिको नीति कार्यान्वयनमा ल्याइने छ ।
- लक्षित समुहहरुलाई योजना प्रकृयामा अर्थपूर्ण सहभागी गराइ क्षमता तथा आर्थिक विकास गर्दै सशक्तिकरणमा जोड दिइने छ।
- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत एकल महिला, एकल पुरुषको सुरक्षा, संरक्षण र रोजगारीमुलक तालिमलाई विशेष जोड दिइने छ।
- वित्तीय संस्थाहरूको कार्यसम्पादनलाई पारदर्शी गर्न र बचतकर्ताको निक्षेपलाई सुनिश्चित गर्न आवश्यक कानुन सहित नियमनको व्यवस्था गरिने छ ।
- स्थानीय स्तरमा रहेका खनिज, जडिबुटी, जङ्गल लगायतका प्राकृतिक श्रोत साधनहरुको संरक्षण र उपयोगको नीति लिई गाउँपालिकालाई आर्थिक समृद्धिसँग जोडिने छ र समुदाय परिचालनका माध्यम बाट सामाजिक तथा आर्थिक परिबर्तनका लागि दिगो विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- लैङ्गिक समानता, सामाजिक समावेशिकरण, महिला सशक्तिकरणको माध्यमबाट महिलामाथी हुने घरेलु हिंसा तथा लैंगिक हिंसामा कमि गराई महिलाहरुको सीप विकास, अधिकारमा सचेतना वृद्धि र हरेक तहमा महिलाको नेतृत्व क्षमतामा वृद्धि गरिनेछ।
- बालबालिका सम्बन्धी योजना तर्जुमा, बजेट र कार्यक्रम कार्यान्वयनमा बाल सहभागितालाई प्राथमिकता दिइने छ।

- सेवा प्रवाहरुलाई चुस्त दुरुस्त, पारदर्शी र विश्वसनिय बनाउदै सुशासन कायम राख्न नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण गर्ने तथा गुनासो सुन्ने र सूचना प्रवाहीकरणलाई प्रभावकारी गराइनेछ।
- उपभोक्ता समितिको क्षमता विकास सम्बन्धी तालिम कार्यक्रम संचालन गरी उपभोक्ता मार्फत हुने निर्माण कार्यलाई गुणस्तरीय, व्यवस्थित र प्रभावकारी बनाइनेछ।
- उपभोक्ताहरुले संचालन गरेका योजनाको छनोट, कामको गुणस्तर, समितिको सक्रियता तथा श्रमदानको आधारमा **उत्कृष्ट उपभोक्ता समितिलाई पुरस्कृत** गरिने छ।
- न्यायीक समितिको क्षमता विकासको लागी विभिन्न कार्यक्रम संचालन गरिनेछ। प्रत्येक वडामा मेलमिलापकर्ता सूचिकृत गरिनेछ।साथै मेलमिलापकर्तालाइ प्रोत्साहन गरिनेछ।
- पालिकाभित्रका सबै बस्तीहरुमा गुणस्तरीय टेलिफोन सेवा उपलब्ध गराउन संघ, प्रदेश र नेपाल टेलिकमसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ।
- पालिकाका सबै बस्तीहरुमा इन्टरनेट सुविधा पुरयाउन आवश्यक पहल गरिनेछ।संचार माध्यमहरुको स्थापना गर्न आवश्यक पहल तथा प्रोत्साहन गरिनेछ।
- बसपार्क, डम्पिङ् साइड, कपर्डहल बनाउनको लागि जग्गा प्राप्त गर्न प्रोत्साहन गरिनेछ।
- जनप्रतिनिधि, कर्मचारी, शिक्षक तथा सबै गौमुखीबासी जनतालाई क्षमता विकास, सीपमूलक तथा जनचेतना अभिवृद्धिका तालिम कार्यक्रमहरु संचालन गरिनेछ।
- गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समितिका पदाधिकारी, शिक्षक तथा सरकारी कोषको रकम उपयोग गर्ने सबैमा सदाचारिता, इमान्दारिता, मितव्ययीता, निश्पक्षता, कर्तव्यनिष्ठता र पारदर्शिता संस्कार र संस्कृतिको विकास गरिनेछ।
- कर्मचारीलाई कामप्रति उत्प्रेरित गर्न मौद्रिक तथा गैर मौद्रिक सुविधाहरु उपलब्ध गराइनेछ।सकारात्मक सोच विकासको लागी तालिम संचालन गरिनेछ।भष्टचार र अनियमिततालाई कडाइका साथ निगरानी र दण्डित गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगारहरुको तथ्याङ्क अध्यावधिक गर्ने तथा वढी भन्दा वढी रोजगार सृजना गर्ने खालका योजनाहरु संचालन गरिनेछ।
- गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी गाउँपालिकाको दरबन्दी संख्या एकिन गरिनेछ।
- गाउँपालिकामा स्थानीय सेवा सम्बन्धी कानूनको तर्जुमा गरिनेछ।कानून बमोजिम प्रदेश लोकसेवा आयोग मार्फत कर्मचारीको स्थायी पदपुर्ति गरिनेछ।
- गाउँपालिकाको प्रशासकीय भवन तथा आवश्यक भौतिक संरचना निर्माण गरिने छ।
- गौमुखी गाउँपालिकालाई खरको छानामुक्त गाउँपालिका घोषणाको प्रकृया अगाडी वढाइने छ।
- अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरूको सामाजिक सुरक्षा भत्ता सहज रूपमा वडा स्तरमा उपलब्ध गराउन पहल गरिने छ ।
- ग वर्गका अपाङ्ग र एलम पुरषहरुलाई निर्वाह भत्ता प्रोत्साहन स्वरुप उपलब्ध गराइने छ।
- पालिकाको विद्युतीकरणको संजाल घर घरमा पुर्याउनको लागि आवश्यक पहल गरिने छ।
- गाउँपालिकामा **२० यूनिटसम्मको विद्युत महसुल निशुल्क** गरिने छ।
- स्थानिय स्तरमा संचालनमा रहेका लघु जलविद्युत योजनालाई आवश्यक मर्मत संहार गर्ने र नयाँ बन्न सक्ने योजनाहरुको सम्भावनाको खोजी गरि योजना निर्माणको लागि आवश्यक कदम चालिने छ।

- गाउँपालिका अन्तर्गत अनुगमन मुल्याङ्कन शाखाको स्थापना गरी गाउँपालिकाबाट संचालन हुने विकास योजना, गाउँपालिका अन्तर्गतका कार्यालय, संघ संस्था, विद्यालयहरुको निरन्तर प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरी दण्ड र पुरस्कारको नीति अबलम्बन गरिनेछ।
- गाउँपालिकाबाट संचालन हुने सेवालाइ घर घरमा पुर्याउन विभिन्न घुम्ति शिविरहरु संचालन गरिने छ।
- यो नीति तथा कार्यक्रम ***समृद्ध गौमुखी, खुसी गौमुखीबासी*** जनताको दीर्घकालीन सोचमा आधारित छ।यस नीति तथा कार्यक्रम तर्जुमाको सिलसिलामा आफ्नो अमूल्य सुझाव तथा सहयोग प्रदान गर्नुहुने सबै राजनैतिक दल, जनप्रतिनिधि, समाजसेवी, बुद्धिजिवी, पत्रकार, संघ संस्थाका प्रतिनिधि, शिक्षक, कर्मचारी लगायत सम्पुर्ण गौमुखीबासी नागरिकहरु प्रति हार्दिक आभार प्रकट गर्दछु।यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि स्थानीय सरकारको नेतृत्वमा सबै सरोकारवालाहरुको सक्रिय सहयोग तथा सहभागिता रहने विश्वास सहित यो सम्बोधन यहीँ अन्त्य गर्दछु।

  धन्यवाद ।

  **जय गौमुखी ।**